## अध्याय ४
## नेपाली भाषाका सन्दर्भ सामग्रीहरू

यस अध्यायमा समेटिएका सन्दर्भ ग्रन्थ तथा लेखहरू बाट निम्न बुँदाहरू निष्कर्षको रुपमा निकाल्न सकिन्छ।

१. वातावरणीय संरक्षणका सम्पूर्ण कार्यक्रमहरू स्थानीय जनताको सहभागितामा उनीहरूकै पक्षमा हुनुपर्छ । त्यस्तै वातावरणीय समस्याका मुद्दाहरू पनि स्थानीय स्तरकै समस्याहरूमा केन्द्रित हुनुपर्छ।

२. जैविक विविधता तथा प्राकृतिक स्रोतमा आएको विनाशको प्रत्यक्ष मार त्यसमा निर्भर रहेका बहु-सङ्ख्यक ग्रामीण जनसमुदायको जीविकोपार्जनमा पर्दछ । यसको प्रमुख कारणहरू प्राकृतिक स्रोतहरूमा अति निर्भर हुनुपर्ने जीवनशैली, स्रोतहरूको अबैध सङ्कलन तथा उपभोग र संरक्षणका उपायहरूको असफलता छन्।

३. सहभागितामूलक संरक्षण प्रकृयाको रुपमा आएको सामुदायिक वन व्यवस्थापन कार्यक्रमलाई तुलनात्मक हिसावले सफल मानिन्छ । यद्यपि समुदायको अधिकार कटौती गर्ने खालका केहि नीतिगत परिवर्तन, कार्यक्रममा समाजका दलित तथा कमजोर वर्गको पहुँचको अभाव र कार्यक्रमको अधिकारप्राप्त निकायभित्र भएका अनियमित क्रियाकलापहरू आदि सामुदायिक वन व्यवस्थापनको समस्याको रुपमा आएका छन्।

४. प्राकृतिक प्रकोप, वन विनाश, भु-क्षय, कृषि-जैविक विविधताको विनाश आदि कारणहरूले ल्याउने प्रतिकूल वातावरणीय परिस्थितिमा जनताहरूको जीविकोपार्जन संकटपूर्ण हुन्छ।

५. पर्यटनले पर्वतीय क्षेत्रको वातावरणमा विभिन्न नकारात्मक असरहरू पुऱ्याइरहेको छ जबकि त्यसठाउँका स्थानीय बासिन्दाहरू त्यसबाट प्राप्त हुने फाइदाको भागिदार बन्न सकेका छैनन् । बढ्दो फोहरमैला, प्राकृतिक स्रोतमा परेको चाप, स्थानीय संस्कृती तथा जीवनशैलीमा आएका परिवर्तन आदि समस्याहरू पर्यटनको कारणबाट आएको देखिन्छ।

६. शहरी क्षेत्रमा बढ्दो उपभोगबादी शैलीले फोहरमैलाको अत्यधिक निष्कासन तथा त्यसको उचित व्यवस्थापनको अभावमा उत्पन्न समस्याहरूले प्रशस्त महत्व पाएको देखिन्छ । काठमाण्डौ तथा पोखरा जस्ता शहरहरूमा फोहरमैलाको थान्को लगाउन छानिएका 'डम्पिङ साइट' को त्यहाँका स्थानीय जनताहरूबाट बिरोध भएको छ । ती क्षेत्रहरूमा प्लास्टिक विरोधी अभियान, डम्पिङ साइट बिरुद्ध प्रदर्शनहरू भएकाछन् ।

७. शहरी क्षेत्रमा सार्वजनिक जग्गाको अतिक्रमण भएको छ ।

८. बढ्दो सवारी साधनको चाप, सिमेण्ट कारखाना वा इँटाभट्टा जस्ता अव्यवस्थित रुपमा स्थापित उद्योगहरूले वायु प्रदूषणको समस्या बढाएका छन् ।

९. पुग्दो मात्रामा सुरक्षित खानेपानीको अभाव हुनु शहर तथा गाउँ दुवै क्षेत्रको समस्याको रुपमा रही आएको छ । त्यस्तै जथाभावी रुपमा फ्याँकिएको फोहरमैला तथा फोहरपानीले शहरी क्षेत्रका स्थानीय खोलानाला तथा ताल, पोखरीहरूको प्रदूषण तीब्र रुपमा बढाएको छ ।

१०. वातावरणीय विनासबाट महिला तथा बालबालिकामा बढि असर परेको छ ।

११. स्थानीय जनता तथा राष्ट्रिय निकुञ्जबीच विवादका विविध पक्षहरू अगाडि आएका छन् । जङ्गली जनावरबाट स्थानीय जनता, उनीहरूका घरपालुवा जनावरहरू तथा बालीनाली असुरक्षित भएको छ ।

१२. एकातिर राष्ट्रिय निकुञ्जको कारणले स्थानीय आदिवासी जनसमुदायको जीविकोपार्जन संकटमा परेको छ भने अर्कातिर यस्ता संरक्षण क्षेत्रहरू स्थानीय जनताको फाइदाको लागि नभई व्यापारमुखी भएको भनिएको छ किनभने त्यहाँबाट प्राप्त फाइदा स्थानीय जनताको पहुँचमा रहेको छैन ।

१३. नेपालको संविधान तथा कानुनहरूमा वातावरणीय हक तथा वातावरणीय संरक्षण सम्बन्धी विभिन्न नीतिगत व्यवस्थाहरू छन् । यसरी व्यवस्था भएका प्रावधानहरूको कार्यान्वयनमा सर्वोच्च अदालत लगायत अन्य अदालतहरूबाट बेलाबेलामा महत्वपूर्ण आदेशहरू भएका पाइन्छन् ।

## प्राकृतिक श्रोत व्यवस्थापन

अधिकारी, कृष्णराम शर्मा. २०५७. वातावरण संरक्षण: अपरिहार्य आवश्यकता. *हटलाइन,* २८ वैशाख, पृ ३.



खतिवडा, नवराज. २०५८. बालुवाको खेती: कसैको शोषण कसैको ओखती. *राजधानी,* १४ भदौ, पृ ११.

राजधानीका खोलाबाट बालुवा निकाल्दा जमीन र पुलहरू जोखिमपूर्ण स्थितिमा पुगेका छन् र यसले गाउँको भविष्य नै अन्धकार हुन लागेको स्थानीय पदाधिकारी बताउँछन् । बालुवा निकाल्ने कार्य गर्ने डोके ज्यामीले पनि यसबाट खासै फाइदा उठाइरहेका छैनन् । उनीहरूलाई पेट पाल्न हम्मे नै छ तर ठेकेदारहरू भने टन्न मोटाएका छन् । अर्थात् ज्यामीको शोषण र ठेकेदारको पोषण भएको छ । स्थानीय जनता, प्रहरी र ठेकेदार तीन तर्फबाटै ज्यामीहरू निचोरिएका छन् ।

जनमत. २०५८. कृषि जैविक विविधता यथास्थान बालीसम्बन्धी कार्यशाला. १७ वैशाख, पृ २.

ढकाल, बलराम. २०५८. सामुदायिक वन उपभोक्ता समूह र सरकारबीच द्वन्द्व. *जनमत,* १६ वैशाख.

नेपालको कुल भू-भागको २९ प्रतिशत क्षेत्र वनले ओगटेको छ जसमध्ये करिब १७ प्रतिशत हिस्सा सामुदायिक वनले ओगटेको छ । सामुदायिक वनको बढोत्तरी २० वर्षीय वन विकास गुरुयोजनाको मुख्य कार्यक्रम हो । तर, सरकारले वनसम्बन्धी ऐन २०४९ लाई संशोधन गर्न प्रस्तावित गरेको विधेयकमा सामुदायिक वन संरक्षण, व्यवस्थापन र उपभोगको जिम्मा पाएको उपभोक्ता समूहको धेरै अधिकार कटौती गरिएको छ । प्रस्तावित विधेयकमा तराई क्षेत्रका वनलाई चाक्ला वनको रुपमा वन प्रशासकको नियन्त्रण हुने व्यवस्था गरिएको छ जबकि वर्तमान कानुनमा राष्ट्रिय वनको कुनै पनि भाग सामुदायिक वनका रुपमा हस्तान्तरण हुन सक्ने व्यवस्था छ । साथै, सो विधेयकमा उपभोक्ता समूहको वन उपभोग गर्ने अधिकार कटौती गरी जिल्ला वन अधिकृतलाई थपिएको छ । उपभोक्ता समूहले वन पैदावर बिक्रीबाट हुने आयको २५ प्रतिशत रकम वन विकासका कार्यहरूमा खर्च गरी बाँकी रकम सामुदायिक विकासका अन्य कार्यहरूमा खर्च गर्न पाउने अधिकार रहिआएकोमा प्रस्तावित विधेयकमा आयको ४० प्रतिशत रकम वन कार्यालयलाई बुझाउनु पर्ने गरिएको छ । उपभोक्ताहरूको अधिकार कटौती गर्ने प्रस्तावित विधेयकको विरोधमा आफ्ना अधिकारहरू संरक्षणार्थ सामुदायिक वन उपभोक्ताहरू आन्दोलित भएका छन् ।

दीक्षित, मदनमणि. २०५७. मानवका आवश्कता र वन संरक्षणबीच द्वन्द्व. *हिमालय टाइम्स,* ४ भदौ, पृ ४.

> वृक्षारोपण कसैको जयन्ती मनाउँदाको शोभा श्रृङ्गारमा परिणत हुनु राम्रो होइन । यसरी रोपिएका बिरुवाको उचित स्याहार सम्भार भएको छैन । दैनिक जीवनयापनका लागि बहुसङ्ख्यक ग्रामीण जनताको वनजङ्गल सँग नजिकको सम्बन्ध भए पनि बढ्दो जनसङ्ख्यालाई धान्नु पर्ने बाध्यताले सामाजिक जीवन र वन संरक्षणबीच द्वन्द्व देखिएको छ ।

देवकोटा, सुरेन्द्रराज. २०५७. वातावरणीय भार: कसले कति खाने ? *गोरखापत्र,* ३१ वैशाख.

> गास, बास र कपासको अभावबाट उत्पीडित समाजमा 'वातावरण'लाई ठूलो विषयवस्तु बनाउनु मूर्खता हो । विश्वमा करिब १ खर्ब जनतालाई न्यूनतम क्यालोरी र प्रोटिनको अभाव छ ।

पराजुली, सुरेन्द्र. २०५८. भू-संरक्षण गरौं र हामी आफैं बचौं. *आदर्श समाज,* २४ साउन, पृ २.

> एक सर्वेक्षण अनुसार विश्वमा ७०,००० भन्दा धेरै प्रकारका नयाँ रासायनिक पदार्थ मानिसहरूले प्रयोग गरिरहेका छन् र वर्षेनी करिब १,००० प्रकारका नयाँ रासायनिक पदार्थ थपिन्छन् । प्रयोगमा आइसकेपछि ७० प्रतिशतभन्दा बढी रासायनिक पदार्थहरूको जमीनमा फ्याँकिन्छन् । जसका कारण जमीनको उर्वराशक्ति ह्रास हुँदै गइरहेको छ भने ज्यान लिने नयाँ नयाँ रोगहरूको उत्पत्ति पनि भइरहेको छ । स्रोत साधनको उपभोग वातावरणीय विनाससँग समानुपातिक हुन्छ । अर्थात् स्रोत साधनको जति बढी उपयोग तथा परिचालन गऱ्यो त्यति नै वातावरणमा प्रतिकूल असर पर्छ । सामाजिक न्यायको सिद्धान्तले जसले बिगारेको छ उसैले बनाउनु पर्छ भन्छ । बाढी-पहिरो, भूक्षय, नदी-कटान आदि जस्ता समस्यालाई ठूला संरचना बनाएर भन्दा सामान्य प्रविधिको सहायताले वनस्पति (Vegetation) मार्फत नियन्त्रण गर्न सकिन्छ । यस्तो प्रक्रियालाई बायो-इन्जिनियरिङ भनिन्छ ।

पोखरापत्र. २०५६. फेवातालको संरक्षण. २ चैत, पृ २.

पौडेल, कृष्ण. २०५८. पर्वतीय क्षेत्रमा वातावरणीय समस्या र चुनौती. *राजधानी,* १२ भदौ, पृ ७.



> पूर्वाधारको यथेष्ट विकास भइनसकेको अवस्थामा कतिपय स्थानमा पर्यटन उद्योगबाट पर्यावरणमा नकारात्मक असर परेको पाइन्छ । पर्यटक पथमा प्लास्टिक र काँचका फोहरमैला बढ्दै जानु; दुर्गम स्थानका बासिन्दामा पनि विदेशबाट आयातित पेय र खानेकुराको प्रचलन बढ्दै जानु; दुर्गम पहाड र पर्वतीय क्षेत्रका होटल, रेष्टुरेन्ट, अतिथि गृह निर्माणमा आयातित र विदेशी निर्माण सामग्री खर्च गरिनु; दाउरा तथा इन्धनको अधिकतम खर्च गरिनु; पर्यटकको भेषभुषा र सँस्कृतिबाट प्रभावित भइ परम्परागत सँस्कृति र भेषभुषामा परिवर्तन आउनु; आदि केही त्यस्ता उदाहरण हुन् ।

पौडेल, डोलराज. २०५२. वातावरणीय समस्याहरू र हाम्रो सरोकार. *कान्तिपुर,* ७ मंसीर.

> कृषि, जनजीवनसँग सम्बन्धित स्थानीय वातावरणीय मुद्दाहरूले होइन कि अन्तर्राष्ट्रिय वातावरणीय मुद्दाहरू (हरितगृह प्रभाव आदि)ले ज्यादा महत्व पाइरहेका छन् । गाउँले जनजीवनमा प्रत्यक्ष देखिने असरहरू, त्यससँग सम्बन्धित घटनाहरू र तिनमा वातावरण विनाशका विभिन्न पक्षले खेलेको भूमिकाबारे छर्लङ्ग हुनेगरि बुझाउने कामबाट वातावरणीय सचेतनाका कार्यक्रमको शुरुआत गर्नु पर्छ।

ढकाल प्रतीक्षा, टिकाराम. २०५८. वातावरण विनाशमा भू-क्षय र भू-संरक्षणको आवश्यकता. *आदर्श समाज,* २४ साउन.

बास्कोटा, अमृत. २०५७. खाना खाने बानीमा आएको परिवर्तन र यसको प्रभाव. *हटलाइन,* १९ कार्तिक, पृ ३.

माथेमा, पुष्कर. २०५६. स्वस्थ वातावरणप्रतिको बाल अधिकारबारे सोच्ने कहिले ? *गोरखापत्र,* ६ मंसीर.

> विश्वमा विद्यमान वातावरणीय समस्याहरूका लागि जिम्मेवार नभए पनि वातावरणीय ह्रासका कारण उत्पन्न समस्याबाट भने बालपुस्ता पीडित भैरहेका छन् । उनीहरू आफूले नगरेको अपराधका लागि दण्ड भोग्दैछन् । हामी भावी पुस्ताबाट वातावरणीय पूँजी कर्जास्वरुप लिन्छौ तर भुक्तानी गर्ने इच्छा वा प्रतिवद्धता देखाउँदैनौं । आफूले चाहेको जस्तो गर्न हामी स्वतन्त्र छौं किनकि भोलिका पुस्ताले आजका लागि मतदान गर्न सक्दैनन्, उनीहरूमा राजनीतिक वा आर्थिक शक्ति छैन, र उनीहरू हाम्रा निर्णयलाई चुनौती दिन सक्दैनन् । अम्ल वर्षा, विश्वव्यापी तापक्रम वृद्धि, ओजोन तह विनाश, मरुभूमिकरण

तथा जैविक विनाशका गम्भीर असर भोग्नुपर्ने समयमा आजका निर्णयकर्तामध्ये धेरै दिवंगत भइसकेका हुनेछन् तर बालपुस्ता युवा पुस्ताका रुपमा जीवित रहनेछन् ।

माथेमा, पुष्कर. २०५७. वातावरणीय समस्या महिला विकासमा अवरोध. *गोरखापत्र,* २४ फागुन.

वातावरणीय असन्तुलनको प्रतिकूल असर महिलावर्गलाई सबैभन्दा बढी परिरहेको छ । घाँस, दाउरा जम्मा गर्नेदेखि घरधन्दाका कामसम्म महिलाले नै मूख्य भूमिका निर्वाह गर्नुपर्ने हुनाले घर भित्रको तथा बाहिरी प्रदूषणले उनीहरूको स्वास्थ्यमा गंभीर असर परेको छ । अर्कोतर्फ वातावरण तथा प्रकृति संरक्षणमा पनि महिलावर्गको भूमिका नै महत्वपूर्ण रहेको छ ।

लौडारी, हिमनिधि. २०५८. उपल्लो मादी 'ए' जलविद्युत आयोजना असला माछाको निम्ति अभिशाप बन्ने. *आदर्श समाज,* २८ असार, पृ १.

हटलाइन. २०५७. लाहाचोकका दलितले वन उपभोग गर्न पाउने. १८ फागुन, पृ १.

अखिल नेपाल किसान सङ्घ (क्रान्तिकारी), अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) र नेपाल दलित मुक्ति मोर्चाको संयुक्त प्रयासमा लाहाचोकका करिब २६० दलित जातिका घरपरिवारले विभिन्न वन उपभोग गर्न पाउने भएका छन् ।


## *शहरी वातावरणीय समस्या*


अधिकारी, सरोज र प्रकृति अधिकारी. २०५७. उपत्यकाको फोहर ओखरपौवामा: पूर्वाधार निर्माण आरम्भ. *गोरखापत्र,* २३ फागुन.

अधिकारी, सरोज. २०५८. अधिकांश उद्योग प्रदूषण मापदण्ड विपरित. *गोरखापत्र,* २० वैशाख.

अधिकारी, छविलाल. २०५७. पोखरामा खाने पानीको अभावले लिएको विकराल रुप. *हटलाइन,* ११ फागुन, पृ २.

अमात्य, मीरा. २०५५. राजधानीका ट्राफिक प्रहरीहरूको प्रदूषण पीडा. *कान्तिपुर,* ६ फागुन, पृ ८.





सडकको धूलो, सवारी साधनबाट निस्कने धूवाँ तथा अन्य प्रदूषक तत्वले यातायातको सुव्यवस्थाका लागि चोक चोकमा खटिएका ट्राफिक प्रहरीहरूको स्वास्थ्यमा प्रतिकूल असर परिरहेको छ ।

आजको समाचारपत्र. २०५५. वायु प्रदूषण विश्वमा हुने २५% मृत्युको कारण. ३ जेठ.

आजको समाचारपत्र. २०५५. काठमाडौंमा डम्पिङ साइटको विवाद फेरि चर्कियो. ३ साउन.

आजको समाचारपत्र. २०५६. स्यूचाटारमा 'दुर्गन्धमुक्त' डम्पिङ साइटको तयारी. २१ असोज.

आजको समाचारपत्र. २०५७. हिमाल सिमेन्ट कारखाना: बन्द गर्न गाह्रो, पाल्न झन साह्रो. २१ भदौ.

आजको समाचारपत्र. २०५८. ग्याँसबाट चल्ने सवारी साधन हटाउन सर्वोच्चद्वारा परमादेश जारी. २० जेठ.

आदर्श समाज. २०५७. वडा १८ मा वातावरण शिक्षा र सुधारका लागि कार्यक्रम. १४ मंसीर, पृ ४.

पोखरा उपमहानगरपालिका वडा नम्बर १८ छिनेडाँडामा फोहरमैला व्यवस्थापन तालिम सञ्चालन गरियो जसमा विभिन्न संस्था/ समूहका ४५ प्रतिनिधिहरू सहभागी थिए ।

आदर्श समाज. २०५७. पोखराको वातावरण सुधारका लागि पोखराका बासिन्दा नै सक्रिय हुनुपर्ने. १९ मंसीर, पृ ४.

वातावरण शिक्षा र सुधार कार्यक्रमलाई समन्वयात्मक र संस्थागत रुपमा सञ्चालन गर्न पोउमनपा वडा नम्बर ३ मा १७ सदस्यीय समिति गठन गरियो ।

आदर्श समाज. २०५८. पोखरेलीले पोखरा वातावरण सुधार आयोजना घेरे. ११ वैशाख, पृ १.

आदर्श समाज. २०५८. नेपाल नगरपालिका सङ्घको साधारण सभा पोखरामा. २८ वैशाख, पृ २.

अनियन्त्रित बसाईं सराईं रोक्न गाउँको विकास र सुरक्षामा जोड दिनु पर्छ ।

आदर्श समाज. २०५८. के फोहर निषेधित क्षेत्र घोषित गर्न सकिन्छ ? ७ असार, पृ २.

आदर्श समाज. २०५८. पोखरा वातावरण सुधार आयोजनाः योजना छानिए तापनि काम शुरु हुन सकेन. २१ असार, पृ १.

पोखराको बिग्रँदो वातावरणको सुधारनिम्ति छनोट गरिएका सात योजनामध्ये तीन योजनाको काम पाचौं वर्ष बितिसक्दा पनि शुरु हुनसकेको छैन ।

आदर्श समाज. २०५८. सुकुम्वासीले घेरेपछि सभापतिले माफी मागे. २२ असार, पृ ४.

फेवाताल संरक्षणका लागि तयार गरिएको मापदण्डअनुसार तालको किनारबाट ७५ फिट दूरीमा मात्र निर्माण कार्य गर्न पाइन्छ । स्थानीय गाईघाटका सुकुम्वासीका २६ घरले यो मापदण्ड पालना नगरेकाले जिल्ला विकास समितिका सभापतिले लालपुर्जा दिन रोक्नुभएको थियो ।

आदर्श समाज. २०५८. ल्याण्डफिल साइट बनाउँदा विमानस्थललाई बाधा नपर्ने दावी. ३० असार, पृ ४.

आदर्श समाज. २०५८. होटल व्यवसायमा मन्दी आएपछि होटलहरूबाट कामदारहरू लखेटिँदैछन्. ३ साउन, पृ १.

आदर्श समाज. २०५८. मोटरबोट चल्न थालेपछि बेगनास तालमा डुङ्गा चलाउनेहरू चिन्तित. १३ साउन, पृ १.

आदर्श समाज. २०५८. सुकुम्वासीले प्रहरीपछि सिडिओलाई घेर्ने. २४ साउन, पृ १.

गगन. २०५८. अखिल नेपाल सुकुम्वासी बसोवास सङ्घद्वारा फटाहालाई चेतावनी. ८ असार, पृ १.

उप्रेती, रमेश. २०५०. वातावरण प्रदूषण गराउनमा सबै दोषी छन्. *कान्तिपुर,* १० जेठ.

कान्तिपुर. २०५०. काठमाडौंको फोहर र थुपारिने ठाउको प्रसंग. २३ माघ.

कान्तिपुर. २०५०. शहरमा थुप्रिएको फोहरले बाटो निर्माण. २८ माघ.

कान्तिपुर. २०५१. प्रस्तावित डम्पिङ साइट पनि विवादमा. ९ माघ.

कान्तिपुर. २०५२. फोहरको थुप्रोमाथि भोटको राजनीति. ३ साउन.

कान्तिपुर. २०५२. का.म.न.पा.द्वारा तीन दिन भित्र डम्पिङ साइटको माग. ५ साउन.



कान्तिपुर. २०५२. गोकर्णमा फोहर फाल्ने सरकारी प्रयास असफल. ६ साउन, पृ १.

कान्तिपुर. २०५२. फोहर व्यवस्थापनमा सरकारलाई सघाउन का.न.पा. तयार. ८ साउन, पृ १.

कान्तिपुर. २०५२. उपत्यकाका नदीनालाबाट बालुवा झिक्न बन्द गरिने. २२ साउन.

कान्तिपुर. २०५२. फोहरको विरुद्ध आज गोकर्ण मूलपानी बन्द. २८ साउन.

कान्तिपुर. २०५२. फोहरमैला र निजीक्षेत्र. १५ कार्तिक.

कान्तिपुर. २०५२. काठमाडौं पुनः फोहरले पुरिने. २५ कार्तिक.

कान्तिपुर. २०५२. कर प्रणालीले सरसफाइमा बाधा. ७ चैत.

कान्तिपुर. २०५३. फोहरमैला व्यवस्थापन राष्ट्रिय नीति कार्यान्वयन गर्ने निर्णय. ८ असार.

कान्तिपुर. २०५४. वाग्मती सभ्यता जोगाउन नदीलाई स्वतन्त्र छोडिदिनु पर्छ. १० असोज, पृ १.

कान्तिपुर. २०५४. पोखरामा फोहरमैलाको बढ्दो समस्या. २९ असोज.

कान्तिपुर. २०५४. काठमाडौंमा ध्वनी प्रदूषण. २२ माघ.

कान्तिपुर. २०५५. पोखरामा पनि डम्पिङ साइटको विवाद फेरी चर्कियो. १७ वैशाख.

कान्तिपुर. २०५५. फोहरमैलाका ट्रकबाट विकास खस्छ मुलपानीमा. १७ साउन.

कान्तिपुर. २०५५. महानगरमा थुप्रिएको फोहर. २ भदौ.

कान्तिपुर. २०५५. डम्पिङ साइट विवादले गर्दा खुलामञ्चमा फोहर थुपार्न शुरु. ६ असोज.

कान्तिपुर. २०५५. पोखराको फोहरले पनि डम्पिङ साइट पाएन. ४ पुस.

कान्तिपुर. २०५५. डम्पिङ साइटको समस्या फेरी बल्झिने. २० माघ.

कान्तिपुर. २०५५. डम्पिङ साइटमा फोहर खसाल्न शुरु. ७ फागुन.

कान्तिपुर. २०५६. फोहर खसाल्ने सम्झौता नवीकरण नगर्ने महानगरको निर्णय. २५ असार.

कान्तिपुर. २०५६. तनावको वातावरणमा हुर्कँदैछन् देशका कर्णधारहरू. २६ असार.

कान्तिपुर. २०५६. स्यूचाटारमा ल्याण्डफिल साइट बनाउने निर्णयको विरोधमा प्रदर्शन: ४० जना गिरफ्तार. ६ पुस.

कान्तिपुर. २०५६. फोहर फाल्न ओखरपौवा नै उपयुक्त भएको दाबी. ५ फागुन.

कान्तिपुर. २०५७. प्लास्टिक झोलाबारे विवाद कायमै. २९ वैशाख.

कान्तिपुर. २०५७. फोहर फाल्न नदिइने. १२ भदौ.

कान्तिपुर. २०५७. राजधानीको फोहर थान्को लगाउने समस्या फेरि उब्जियो. २० माघ.

कामत, रामकुमार. २०५३. दुर्लभ जलचरको अस्तित्व खतरामा: पानीको गुणस्तर मापनका लागि अनुसन्धानको अभाव. *गोरखापत्र,* २४ वैशाख.

कार्की, अशोककुमार. २०५३. वातावरणीय प्रदूषण र शुद्ध खानेपानीको अभाव. *लोकपत्र,* १५ वैशाख.

जल प्रदूषण, खानेपानी संस्थान र काठमाडौंको खानेपानी समस्याबारे यो लेखमा चर्चा गरिएको छ ।

कार्की, खेम. २०५८. पर्यटन बोर्डका सदस्यद्वारा ल्याण्डफिलको विरोध. *आदर्श समाज,* ९ जेठ, पृ १.

कार्की, खेम. २०५८. ल्याण्डफिल साइट समस्या र समाधान. *आदर्श समाज,* १० जेठ, पृ २.

कार्की, देवनारायण. २०५७. फोहरले उठाएको समस्या र समाधानको उपाय. *नेपाल समाचारपत्र,* ६ मंसीर.

केसी, किशोर. २०५५. राजधानीको फोहर आतंक: रातभरी रुंग्यो बुढी त ज्युँदै ? *गोरखापत्र,* २२ असोज.

केसी, राजन. २०५२. फोहरमैलाको थान्को नलगाएसम्म महानगरपालिकाको छवि राम्रो हुँदैन. *प्रजातन्त्र,* २७ पुस.

खरेल, शंकर. २०५७. फोहरमैला थान्को लगाउन चोभार खाल्डो अनुपयुक्त ठहर. *कान्तिपुर,* २८ माघ.

गगन. सन् २००१. पोखराबासीले पानी उमालेर मात्र पिउनु पर्छ. ८ जनवरी, पृ १.



पोखरामा हाल दैनिक २ करोड २० लाख लिटर पानीको माग रहेको छ भने खानेपानी संस्थानले पनि करिब सोही मात्रामा पानी वितरण गरिरहेको छ । तर त्यसमध्ये ३०-४० प्रतिशत पानी चुहिएर खेर गइरहेकोले खानेपानीको अभाव छ । खानेपानी समस्या केही वर्षको लागि साम्य पार्न मर्दीखोलाबाट एक लाइन पानी थप्नु पर्ने देखिन्छ जसको लागि २५ करोड खर्च लाग्छ । पोखराको पानीमा बालुवाको मात्रा बढी भएकाले थिग्राउने संयन्त्रको माग भइरहेको छ । हाल मुहानबाट ल्याइएको पानीमा ब्लिचिङ पाउडर मिसाएर वितरण गरिँदै आए पनि पानी उमालेर मात्र पिउनु पर्छ । पानी प्रशोधन केन्द्र स्थापना गर्न अनुमानित १ अर्ब ५० करोड खर्च लाग्ने बताइन्छ ।

गगन. २०५८. फेवाताल संरक्षण गर्न राष्ट्रियस्तरबाट कदम चाल्नु पर्ने. १ वैशाख, पृ १.

गुरागाईं, सुवित. २०५७. वाग्मती डम्पिङ रोकियो तर विमानस्थल छेउको फोहर ज्यूँ का त्यूँ . *नेपाल समाचार पत्र,* २९ असोज.

गोरखापत्र. २०५०. गोकर्णबाहेक फोहर फाल्ने ठाउँ छैन, तर दिइएन. २९ पुस.

गोरखापत्र. २०५०. फोहोर फाल्ने थलो अझै अनिश्चित. २९ फागुन.

गोरखापत्र. २०५१. फोहरमैला निष्कासन अझै अनिश्चित. १८ असार.

गोरखापत्र. २०५१. सेतीदेवी गाविसमा फोहर फाल्ने कुरामा सहमतिको अभाव. २० माघ, पृ १५.

गोरखापत्र. २०५२. फोहरको थान्को लगाउनका लागि धेरै ठाउँको खोजी. १२ असार.

गोरखापत्र. २०५२. वाग्मती नदी स्वच्छ पार्न सुरुङ ढल. १४ पुस.

गोरखापत्र. २०५२. सेवा शुल्कका कारण उपत्यकाको सफाइ कार्यमा गम्भीर असर. ७ चैत.

गोरखापत्र. २०५३. वाग्मती क्षेत्रमा पहिलो चरणको सडक तथा ढल बनाउन शुरु. १८ जेठ.

गोरखापत्र. २०५४. काठमाडौंको फोहरमैला: समस्या टुङ्ग्याउन आजदेखि अभियान. ५ असार.

गोरखापत्र. २०५४. पोखरामा ९० प्रतिशत फोहर अव्यवस्थित. २९ असोज.

गोरखापत्र. २०५५. खुलामञ्चमा फोहर: गोकर्ण डम्पिङ साइट बन्द गरिएकै हो त ? १२ भदौ.

गोरखापत्र. २०५५. काठमाडौंमा हावाजन्य धूलाका कणहरूको चर्को समस्या. २२ माघ.

रेडियो सगरमाथा र नेपाल एन्भारन्मेन्ट एण्ड साइन्टिफिक सर्भिसेज (नेस)ले संयुक्त रुपमा काठमाडौंको वायुको गुणस्तर परीक्षण गर्दा श्वासप्रणालीमा जान सक्ने धूवाँ तथा धूलाका कणहरूको मात्रा विश्व स्वास्थ्य संगठनले तोकेको मापदण्डभन्दा निकै बढी देखिएको छ ।

गोरखापत्र. २०५५. धूवाँ र धूलोको समस्या. १५ चैत.

गोरखापत्र. २०५५. राजधानीको प्रदूषण. १८ चैत.

गोरखापत्र. २०५५. प्रदूषणविरुद्ध पाकोका जनता जुर्मुराए. २९ चैत.

पाको, न्यूरोडमा सवारी साधनबाट अत्यधिक प्रदूषण भएको भन्दै चैत २८ गते सवारी आवागमन तथा पार्किङ बन्द गरियो ।

गोरखापत्र. २०५६. वातावरण संरक्षणमा जनसहभागिता: लक्ष्य प्राप्तिका लागि आधारभूत आवश्यकता. १७ जेठ.

गोरखापत्र. २०५६. टु-स्ट्रोक मोटरसाइकलको प्रसंग. १४ असोज.

गोरखापत्र. २०५७. वाग्मती नदी शुद्ध पार्न ताम्रगंगादेखि तिलगंगासम्म सुरुङ बनाउन थालियो. ६ वैशाख. पृ १

गोरखापत्र. २०५७. स्यूचाटारमा ल्याण्डफिल साइट नबनाउन सरकारसंग माग. १९ वैशाख.

गोरखापत्र. २०५७. उपत्यकाको फोहर थान्को लगाउन ल्याण्डफिल साइट बनाउने नयाँ सोच. १४ साउन.

गोरखापत्र. २०५७. विरोधका कारण फोहर उठेन. ९ कार्तिक.

गोरखापत्र. २०५७. काठमाडौंको फोहर थन्क्याउन सिमपानी उपयुक्त स्थल. २४ कार्तिक.

गोरखापत्र. २०५८. संक्रामक फोहरको उचित व्यवस्थापन हुन नसक्दा ठूलो समस्या उत्पन्न. १५ असार.

गोरखापत्र. १९९६. गोकर्णमा फोहर फाल्न समझदारी. ३ जनवरी, पृ १२.

गौतम, राजाराम. २०५६. फोहरमैलाको सम्बन्धमा सरकार असंवेदनशील. *पत्रिका,* ३२ साउन.



गौतम, सुवोध. २०५६. प्रदूषणग्रस्त राजधानी. *कान्तिपुर* (कोसेली), १२ भदौ.

गौतम, सुवोध. २०५७. अगरवत्तीको वासना चल्ने ठाउँमा फोहरको दुर्गन्ध. *कान्तिपुर,* १४ भदौ.

चैखू, कन्हैयालाल. २०५४. नगरको फोहरमैला समस्या समाधानमा संयुक्त प्रयासको खाँचो. *आजको समाचारपत्र,* १२ असार.

जनमत. २०५७. फेवातालको प्रदूषण नियन्त्रण गर्ने प्रतिवद्धता. १६ असोज, पृ १,४.

स्थानीय आमा समूह, क्लब, होटल व्यवसायीलगायत विभिन्न सङ्घ संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको भेलाले फेवाताल प्रदूषणका लागि जिम्मेवार तत्वहरूको पहिचान गर्ने र प्रदूषण रोक्न विभिन्न उपाय अवलम्बन गर्ने निर्णय गऱ्यो । कार्यक्रममा फेवाताल इलाका क्षेत्रका सम्पूर्ण व्यवसायी, घरधुरी र संस्थागत समूहहरूको सहभागिता हुने गरेर वातावरण शिक्षा कार्यक्रम सञ्चालन गर्ने, फोहरमैला सङ्कलन र खरिद बिक्री प्रणालीको व्यवस्था गर्ने, फोहर मार्फत कम्पोष्ट मलको विकास गर्ने प्रतिवद्धता प्रकट गरिएको थियो ।

जनमत. २०५८. सबै राजनीतिक पार्टीहरू बाच्छेबुडुवामै ल्याण्डफिल साइट बनाउने पक्षमा, ल्याण्डफिल साइट बनाइनु हुँदैन: राज्यमन्त्री गुरुङ्ग. ४ जेठ, पृ १.

जनमत. २०५८. ल्याण्डफिल साइट बन्ने जग्गा सुकुम्वासीको कब्जामा, हामी बस्न दिन्नौं, हटाइ दिन्छौं– प्रजिअ. २ साउन, पृ १.

जनमत. २०५८. पोखरामा ल्याण्डफिल साइटको निर्माण. ५ साउन, पृ २.

रातो पैह्रोमा ल्याण्डफिल साइटको निर्माण गर्न खोजिएकोमा स्थानीय जनताको विरोधका कारण संभव हुन नसकेकाले उक्त स्थानमा गरिएको लगानी प्रयोजनरहित हुन पुग्यो । पोउमनपा वडा नम्बर १८ स्थित बाच्छेबुडुवामा ल्याण्डफिल साइट निर्माण गर्न दातृ संस्थासँग ऋण सम्झौता भइसके पनि निर्माण कार्य शुरु हुन भने सकेको छैन ।

जनमत. २०५८. ल्याण्डफिल साइटको जग्गामा सुकुम्वासी नामबाट टहरा निर्माण: नगर प्रमुख अनाभिज्ञ, प्रजिअद्वारा हटाउने दृढता. ७ साउन, पृ ३.

एसियाली विकास बैङ्कको करिब एघार करोड ऋण सहयोगमा ल्याण्डफिल साइट निर्माण गर्न छुट्टयाइएको करिब २०० रोपनी जग्गामा सुकुम्वासीका नामबाट टहरा निर्माण गरिएका छन् । उक्त स्थानमा टहरा निर्माण गर्न करिब ४६ हजार जनाले अखिल नेपाल सुकुम्वासी सङ्घमा निवेदन दर्ता गराएको बताइएको छ । सङ्घले निवेदकहरू प्रत्येकसंग रु. २० को दरले रकम सङ्कलन गरेको थियो ।

जनमत. २०५८. बाच्छेबुडुवाको जग्गाबाट हट्न अतिक्रमणकारीलाई पोउनपा र पशु विकास फर्मको चेतावनी. ९ साउन, पृ ४.

जनमत. २०५८. अन्यत्र जग्गाको व्यवस्था गरेमा सुकुम्वासी बाच्छेबुडुवा छोड्न तयार. १२ साउन, पृ १.

बाच्छेबुडुवास्थित ल्याण्डफिल साइट अतिक्रमण गरी सुकुम्वासी बस्न थालेपछि उत्पन्न परिस्थितिको निकास खोज्न अनौपचारिक वार्ता भएको छ । जिल्ला विकास समिति सभापति, पशु विकास फार्मका अधिकृत र अखिल नेपाल सुकुम्वासी सङ्घ कास्कीका अध्यक्षमाझ भएको वार्तामा अन्यत्र व्यवस्था गरिएको खण्डमा सो ठाउँ छाड्न सुकुम्वासीहरू तयार भएको बताइयो ।

जनमत. २०५८. ल्याण्डफिल साइट र सुकुम्वासी समस्या. १२ साउन, पृ २.

जनमत. २०५८. बाच्छेबुडुवाबाट छाप्रा हटाउन बल प्रयोग गर्नुबाहेक विकल्पै रहेन – जिविस सभापति. १६ साउन.

बाच्छेबुडुवालाई सुकुम्वासी बस्ती बनाउने कार्यको नेतृत्व गरेको नेकपा माओवादी निकट अखिल नेपाल सुकुम्वासी सङ्घका जिल्ला अध्यक्षसंग तीन पटक वार्ता गर्दा पनि हल ननिस्किएपछि जिविस सभापतिले बल प्रयोग गर्नुबाहेक अर्को विकल्प नरहेको बताउनु भयो ।

जनमत. २०५८. प्रहरीले हटाएका ठाउँमा पुनः टहरा बन्न थाले. १९ साउन, पृ १.

बाच्छेबुडुवास्थित ल्याण्डफिल साइट अतिक्रमण गरी करिब ४० रोपनी जमीनमा निर्माण गरिएका ४०० जति टहरा प्रहरीले बलपूर्वक हटाएको थियो । लाठी चार्ज, अश्रुग्याँस तथा हवाइ फायर गरेर हटाइएका टहरा बिहीवार दिउँसोदेखि पुनः निर्माण गर्न थाएिको छ ।



तिवारी, रमेश. २०५५. जनसङ्ख्या र पर्यटन उद्योगप्रतिको खेलबाड. *गोरखापत्र,* २७ माघ.

सरकारले काठमाडौं उपत्यका भित्र टेम्पोको आयात फुकुवा गरेकोमा पर्यटन व्यवसायी र वातावरणमा काम गर्ने संस्थाहरू आक्रोशित भएका छन् ।

थकाली, एस.के.आस्था. २०५७. शान्ति वनवाटिका कि मसानघाट ? *आदर्श समाज,* २८ वैशाख, पृ २.

पोखरा उपमहानगरपालिकाले शान्ति वनवाटिकाको २५ रोपनी जमीन रामघाट दाह संस्कारलाई प्रदान गरेर शान्ति वनवाटिकालाई नष्ट गर्न खोजेको छ । नगरपालिकाले दाह संस्कारका लागि जग्गा उपलब्ध गराउन वैकल्पिक उपायहरू अवलम्बन गर्नु पर्ने थियो ।

दाहाल, रामप्रसाद. २०५६. स्यूचाटारमा ल्याण्डफिल साइट निर्माणमा अन्यौल. *कान्तिपुर,* ५ फागुन.

दाहाल, रामप्रसाद. २०५६. डम्पिङ साइट बन्दैछन् राजधानीका नदीहरू. *कान्तिपुर,* १५ चैत.

दाहाल, कुमारप्रसाद. २०५७. वातावरण प्रदूषणमा को कति जिम्मेवार ? *जनभावना,* २९ फागुन.

काठमाडौंको वायु प्रदूषणको समस्यासंग जुध्न सरकारले डिजेल टेम्पोको विस्थापन, टु-स्ट्रोक साधनको दर्ता बन्द गर्ने जस्ता निर्णय गरेको छ । सरकारले यी निर्णयहरू कार्यान्वयन कसरी गर्ने हो हेर्नु नै छ । प्रदूषणका समस्याहरूको पहिचान गरी दीर्घकालीन समाधानको उपाय निकाल्नु पर्छ । न्यूनस्तरको इन्धन, दक्ष जनशक्तिको अभाव, अनुत्तरदायी सवारीधनी, अवैज्ञानिक ट्राफिक प्रणाली, कमजोर सडक व्यवस्थापन, वातावरणीय सचेतनाको अभाव, आदि वायु प्रदूषणका लागि जिम्मेवार तत्वहरू हुन् ।

दुवाडी, सहदेव. २०५६. स्यूचाटारको राम्चे, फोहर कति थाम्छे. *नेपाल जागरण,* २ फागुन.

देशान्तर. २०५२. फोहरमैला थान्को लगाउने ठाउँको खोजी जारी: फोहरमैला फ्याँक्न रोक. २८ वैशाख.

धौलागिरी, विनोद. २०५८. राजाले पनि जनताको आवाज कुल्चन सकेनन्, नगर प्रमुखको त के कुरा ? *आदर्श समाज,* २४ वैशाख, पृ १.

धौलागिरी, विनोद. २०५८. अनि सुकुम्वासी बस्ती क्षणभरमै खरानी भयो. *आदर्श समाज,* १८ साउन, पृ १.

पोखरा-११, तुलसीघाटमा अनिलकुमार तथा प्रकाश सिंह श्रेष्ठको जग्गामा छाप्रा बनाइ बसेका सुकुम्वासीहरूलाई प्रहरीले लाठीचार्ज र अश्रुग्याँस प्रहार गरी तितर बितर पाऱ्यो । सोही क्रममा छाप्राहरू भत्काउँदा पाल र काठहरू पनि जलेका थिए ।

निरौला, विपिन. २०५५. प्रदूषित वायुबाट एक वर्षमा ४४ जनाको मृत्यु हुने गर्छ. *प्रकम्पन,* २ असार.

नेपाल जागरण. २०५२. फोहर समस्या समाधानतर्फ. २३ असोज.

पराजुली, प्रदिप. २०५२. उपत्यकाको फोहर भित्रको फोहरी राजनीति. *देशान्तर,* १४ साउन.

पराजुली, रमा. २०५३. फोहरलाई पुनः प्रयोग गर्ने संस्थाहरू सरकारबाट उपेक्षित. *कान्तिपुर,* २० पुस.

पराजुली, रमा. २०५४. तपाईं मर्निङ वाकमा गइरहनु भएको छ ? *कान्तिपुर,* ९ पुस.

पराजुली, रमा. २०५७. बिजुली टेम्पोमा रोकः वातावरणलाई धक्का, ४५ करोडको उद्योग धराशायी. *कान्तिपुर,* १९ जेठ, पृ १.

पराजुली, रविन्द्र. २०५७. काठमाडौंपछि पोखरामा पनि डम्पिङ साइटको विवाद. *नेपाल समाचारपत्र,* २५ फागुन.

पराजुली, वसन्तकेशव. २०५८. पोखराको खानेपानीले यस्तो सोच्न बाध्य बनायो. *आर्दश समाज.* १५ असार, पृ २.

पहारी, भरत. २०५६. यस पटक पोखराको प्रसंग. *हटलाइन,* २३ फागुन, पृ ५.

पत्रिका. २०५६. कहिले कतै कहीं नभेटिने डम्पिङ साइट. ३२ असार.

पुडासैनी, संजय. २०५७. फोहरमा छोपिएको हिराको उत्खनन् कसले गर्ने ? *पोखरेली,* १२ मंसीर, पृ २ .

पोखराका मुख्य पर्यटन व्यवसायीहरू जसरी होस् आम्दानी मात्र गर्न चाहन्छन् । त्यो आम्दानीलाई दिगो बनाउने तर्फ उनीहरूको सोच पुग्नै सकेको छैन । कसरी चाँडो धनी बन्ने भन्ने मानसिकताका कारण पोखराको पर्यटन व्यवसायमा आघात पुगेको छ ।



पोखरेल, आमोदकुमार. २०५८. उपत्यकाको वायु प्रदूषण नियन्त्रण गर्न चिम्नीभट्टामा सुधारको खाँचो. *कान्तिपुर,* २० वैशाख.

पोखरापत्र. २०५६. फोहर फाल्नेलाई ७०० जरीवाना. १९ चैत, पृ १.

स्थानीय स्वायत्त शासन ऐन दफा १६५ उपदफा १(ग)मा निषेधित स्थानमा फोहरमैला फ्याँक्नेलाई १५ हजार रुपैयाँसम्म जरिवाना गर्न सक्ने प्रावधान रहेको छ ।

पौडेल, पुण्यप्रसाद. २०५७. शान्ति वनवाटिकालाई सुन्दर पार्कमा परिणत गर्ने. *हटलाइन,* २९ वैशाख, पृ २.

पोखरा नगर विकास आयोजनाले शान्ति वनवाटिकालाई विकास गर्ने शर्तमा २०४३ सालमा वन विज्ञान अध्ययन संस्थानलाई सो वाटिका उपलब्ध गराएको थियो । तर सन्तोषजनक काम नभएकाले २०५४ सालमा नगर विकास योजनाले सो जमीन फिर्ता लियो । आवश्यक परेको वेला नगर पालिकाले फिर्ता लिने शर्तमा उक्त वाटिकाको जमीनमध्ये ८-८ रोपनी बौद्ध अर्घो सदन र हिन्दू दाह संस्कार समितिलाई नगर पालिकाले दिएकोमा नगर पालिकाको उक्त निर्णयविरुद्ध सङ्घर्ष समिति गठन गरेर रिले अनसनलगायतका विरोध कार्यक्रम आयोजना गरियो ।

पौडेल, पुण्यप्रसाद. २०५७. फेवाताल र पोखरा. *हटलाइन,* १९ कार्तिक.

फेवातालको महत्व र यसलाई बचाउन चाल्नु पर्ने कदमहरूबारे यो लेखमा चर्चा गरिएको छ ।

पुन, आनन. २०५७. कबाडी उठाउँदा स्वयं कबाडी बन्न बाध्य छन् यी वालकहरू. *पोखेरेली,* २६ मंसीर, पृ १,४.

विष्ट, गजेन्द्र. २०५७. डम्पिङ साइटः ओखरपौवा कि सिमपानी ठिक ? *हिमालय टाइम्स,* २४ कार्तिक.

भट्ट, आनन्ददेव. २०५७. काठमाडौं, फोहरमैला र नागरिकहरूको सचेतना. *नेपाल समाचारपत्र,* १६ साउन.

भट्टराई, देवेन्द्र. २०५२. फोहरको थुप्रोमाथि महानगरपालिका के गर्दैछ ? *हिमालय टाइम्स,* ११ फागुन.

भण्डारी, लेखनाथ. २०५५. उपत्यकावासीको विलासिताले पनि वातावरणीय विनाश बढ्दैछ. *आजको समाचारपत्र,* १५ कार्तिक.

मानिसहरूको सामान्य कर्मले पनि वातावरणलाई नकारात्मक प्रभाव परिरहेको हुन्छ । दन्तमन्जनले दाँत माझ्दा होस् वा दारी/ कपाल काट्दा होस् हामीले विभिन्न रसायनहरू प्रयोग गरिरहेका हुन्छौं, जमीनमा फ्याँकीरहेका हुन्छौं । नुहाउन,

कपडा धुन, शौचालय सफागर्न, खानपिनमा, सौन्दर्य-प्रशाधन उपयोग गर्दा, सवारी साधन, ब्याट्री, औषधी, मच्छरको धुपदेखि यावत कार्यमा हामीले वातावरणमा कुनै न कुनै दुष्प्रभाव पारिरहेका हुन्छौं ।

माथेमा, पुष्कर. २०५२. फोहर गर्नेले तिर्ने कि उठाउने. *गोरखापत्र,* १९ चैत.

माथेमा, पुष्कर. २०५३. उपत्यकाको धमिलिएको हावा र इट्टा. *गोरखापत्र,* १४ जेठ.

माथेमा, पुष्कर. २०५४. डम्पिङ साइट समस्याः विवाद र अस्थायी समाधानबाट मुक्ति कहिले ? *गोरखापत्र,* १३ माघ.

माथेमा, पुष्कर. २०५५. तुवाँलोभित्र धुमिलिएको काठमाडौं. *गोरखापत्र,* १५ चैत.

माथेमा, पुष्कर. २०५७. अस्वस्थ वातावरणमा बाँच्न बाध्य शहरीयाहरू. *गोरखापत्र,* १६ असोज.

रायमाझी, यु. २०५२. फेरी पनि फोहर कै समस्या. *युगसम्वाद,* १२ मंसीर.

राना, पद्मकिरण. २०५८. पर्माकल्चर क्षेत्रीय भेला र यसका उपलब्धीहरू. *आदर्श समाज,* १६ वैशाख, पृ २.

लामिछाने, रघुनाथ. २०५७. काठमाडौंको फोहर. *कान्तिपुर* (कोसेली), १ पुस.

लामिछाने, केशवशरण. २०५७. पोखरामा पानी वितरणमा चालिस प्रतिशत चुहावट. *हटलाइन,* १३ वैशाख, पृ ३.

पोखरामा २ करोड २० लाख लिटर पानीको माग भए पनि २ करोड लिटर मात्र आपूर्ति भैरहेको छ । भोटीखोला, कालीमुढा र मर्दीखोलाबाट पोखरालाई आवश्यक पर्ने पानी ल्याइन्छ । यसरी ल्याएको पानी अर्मला बिसौनीमा ५०० घन मिटरको टंकीमा जम्मा गरी वितरण गरिन्छ । उपभोक्ताले जानीजानी पानी खेर फाल्नाले र चुहिएर जानाले ४० प्रतिशत पानी चुहावट हुने गरेको छ । पोखरामा वितरण गरिने पानी शुद्ध भने छैन । अशुद्ध हुनुमा उचित मात्रामा ब्लिचिङ पाउडर उपयोग नगरिनु, खोलाहरूमा माछो मार्न प्रयोग हुने विष अन्तत खानेपानीमा मिसिनु, खेतमा प्रयोग हुने रासायनिक मल बगेर खानेपानीमा मिसिनु आदिलाई जिम्मेवार मानिएको छ ।

वैद्य, हुतराम. २०५२. ॐ नमोः वागमत्यै. *कान्तिपुर,* २७ साउन.



विद्रोही, युवराज. २०५६. द एक्सप्लोर नेपालद्वारा उपत्यकाको वातावरण बचाउन अर्को पहलः विक्रम टेम्पो रोक्न सर्वोच्च अदालतको शरणमा. *जनभावना,* ३ जेठ.

विवश, ज्ञानेन्द्र. २०५६. काठमाडौं प्रदूषण, सवारी चाप र सडकको दुर्दशा. *कान्तिपुर,* २५ मंसीर.

श्री सगरमाथा. २०५२. बालुवा झिक्न नरोकिए डम्पिङ साइट रोक्ने चेतावनी. १४ माघ.

श्रेष्ठ, सुदिप. २०५६. कवाडी संकलनमा ह्रास, प्रदूषण र फोहर बढ्दो क्रममा. *कान्तिपुर,* १९ चैत.

श्रेष्ठ, टंक. २०५८. काठमाडौं र ललितपुरको फोहरमा नगरपालिकाको एकलौटी दायित्व. *आजको समाचारपत्र,* २७ फागुन.

श्रेष्ठ, कमलबहादुर. २०५७. प्लास्टिक फोहरमैलाबाट मुक्त पोखराः औचित्य र संभावना. *आदर्श समाज,* ९ मंसीर.

एक अध्ययनअनुसार पोखरामा उत्पादन हुने फोहरको आयतन १५३.०१ घन मिटर र तौल ६१.२ टन रहेकोमा प्लास्टिकको आयतन ३४.२५ घन मिटर रहेको छ ।

शर्मा, विवेक. २०५२. राजधानीको फोहरमैलाः दुर्गन्ध र नगरपालिका. *सिलासिला,* ३० असोज.

हटलाइन. २०५६. तालको संरक्षण नै लेखनाथको सम्पत्ति. ३ माघ, पृ ३.

हटलाइन. २०५६. यसरी खस्कँदै छ पोखराको पर्यटन व्यवसाय. ३० फागुन, पृ १,४.

हटलाइन. २०५७. ल्याण्डफिल साइटको विरोधमा मौन जुलुस. १२ फागुन, पृ ४.

हटलाइन. २०५७. पोखरा उपत्यकाभित्र नौ हजार बालमजदुर कार्यरत. १५ चैत, पृ १

पोखरा उपमहानगरपालिका, युनिसेफ र टोली संस्था मिलेर गरेको एक सर्वेक्षणअनुसार पोखरा उपत्यकामा कुल ८,८७० जना बाल मजदुर छन् जसमध्ये ३४२ जना होटलमा, उद्योगमा २७६ जना, सुकुम्वासी बस्तीमा ६,५२२ जना र सडकमा १३० जना रहेका छन् ।

हटलाइन. २०५७. गाईघाटका सुकुम्वासीलाई लालपुर्जा दिइने. १५ चैत. पृ १

हटलाइन. २०५८. बाच्छेबुडुवामा सुकुम्वासी बस्न थालेपछि सर्वदलीय बैठक. २ साउन, पृ १.

सुकुम्वासी समस्या समाधान आयोगको समयावधि सकिएकाले सुकुम्वासीको नाममा जग्गा दर्ता गराउन नसकिए पछि अहिले श्री ५ को सरकारले सुकुम्वासीको नाममा रहेको सार्वजनिक जग्गामा सुकुम्वासीहरूलाई घडेरी बाँड्ने काम शुरु गरेको छ। पोखराको फोहर तह लगाउन बाच्छेबुडुवामा ल्याण्डफिल साइट बनाउन लागिएकोमा सो हुन नदिन उक्त स्थानमा सुकुम्वासीहरूलाई बसाल्न थालिएको छ।

हटलाइन. २०५८. बाच्छेबुडुवा ल्याण्डफिल साइट 'सुकुम्वासी शिविर'मा परिणत. १६ साउन, पृ १.

हिमालय टाइम्स. २०५२. डम्पिङ साइट गोकर्णमै. १९ पुस.

हिमालय टाइम्स. २०५७. वाग्मती किनारमा फोहर फाल्ने निर्णय अवैज्ञानिक, फोहरबाट मल उत्पादन गर्न सरकारी सहयोग आवश्यक. २३ साउन.

ज्ञवाली, हेमराज. २०५७. काठमाडौंमा फोहरको समस्याः एक चिन्तन. *कान्तिपुर,* १८ कार्तिक, पृ ७.

## *स्थानीय जनता र राष्ट्रिय निकुञ्ज विवाद*

गुरुङ्ग, भेषबहादुर. २०५७. कोशी टप्पुका जङ्गली भैंसी संकटको घेरामा. *राजधानी,* १७ भदौ, पृ ११.

आर्थिक, पर्यटकीय विकास तथा दुर्लभ प्राणीका संरक्षणका लागि कोशी टप्पु वन्यजन्तु आरक्ष निर्माण गरिएको हो। घाँस, माटो, काठ, चरण क्षेत्र आदिका लागि वरपरका जनता आरक्षमा निर्भर छन्। आरक्षमा रहेका अर्नालगायतका जनावरले स्थानीय जनताको बाली नालीलाई क्षति पुऱ्याउनाले उनीहरूको आर्थिक स्थितिमा प्रतिकूल प्रभाव परेको छ। त्यस्तै, अर्नाको आक्रमणबाट कतिपय गंभीर घाइते हुनुका साथै ज्यान पनि गुमाएका छन्। अर्कोतर्फ स्थानीय जनताका विभिन्न गतिविधिले वन्यजन्तुहरूको ज्यान पनि खतरामा परेको छ।

घले, मेखसिंह. २०५७. एक्यापः अन्नपूर्ण प्रकृति संरक्षण कि तमुको प्रदूषण. *आदर्श समाज,* २७ मंसीर, पृ २.



घिमिरे, सञ्जय. २०५७. सगरमाथाको एक किलो फोहरको एक हजार रुपैंया. *हिमालय टाइम्स,* १४ फागुन.

घिमिरे, सोमत. २०५८. राष्ट्रिय निकुञ्ज र जनताबीचको अन्तरसम्बन्ध. *सिर्जना* १०: २८-३१.

संरक्षित क्षेत्रहरूले ती स्थानमा रहेका जैविक विविधता, दुर्लभ जीवजन्तुहरू तथा वातावरणीय संरक्षणमा योगदान गर्छन्। यस्ता क्षेत्रहरू पर्यटकीय आकर्षणको केन्द्र हुनाले आम्दानीको स्रोत पनि बनेका छन्। पर्यटकीय गतिविधि, वन्यजन्तुको घुमफिर, सुरक्षा निकायका क्रियाकलाप, आदिले संरक्षित क्षेत्र भित्र र वरपरका जनताहरूको जीवनमा प्रत्यक्ष प्रभाव पारिरहेको छ। गैंडा संरक्षणका लागि स्थापित शाही चितवन राष्ट्रिय निकुञ्जको सुरक्षाको जिम्मा लिएको सेनाले संरक्षणसँगै स्थानीय जनतामा त्रास उत्पन्न गराएको छ भने उनीहरूको खराब आचरणले स्थानीय बासिन्दा प्रभावित भएका छन्।

वर्षौंदेखि जङ्गल, प्राकृतिक स्रोत सम्पदासँग जीवनयापनका लागि भर पर्दै आइरहेका आदिवासी थारु, बोटे, माझीको जीवन प्रकृयामा निकुञ्जको निषेधात्मक प्रकृयाले नकारात्मक असर पारेको छ। निकुञ्ज भित्रको साग, सिस्नु, कन्दमूल ल्याउनु, खोलामा माछा मार्नु, जस्ता उनीहरूका परम्परागत जीवन निर्वाहका क्रियाकलापलाई निषेध गर्दा उनीहरूले आफ्नो बाँच्ने आधार गुमेको अनुभव गरेका छन्। आफ्ना परंपरागत क्रियाकलापहरूमा लागेको बन्देजले उनीहरूलाई आन्दोलित तुल्याएको छ।

निकुञ्ज छेउछाउ स्थापना गरिएका विभिन्न कल कारखानामा प्रयोग हुने रसायनहरूबाट र किसानहरूले प्रयोग गर्ने रासायनिक मलबाट उत्पन्न खतरालाई भने ध्यान दिइएको छैन। तर आदिवासीलाई चोर, तस्करको रुपमा हेर्ने गरिएको छ। उनीहरूलाई परम्परागत जीवनयापनका क्रियाकलाप संचालन गर्नबाट वञ्चित गर्नु, आदिवासीबाहेक अरूको पनि बालीनालीमा भएको हानीको क्षतिपूर्ति नहुनु, महिलाको अस्मिता असुरक्षित हुनु, निकुञ्ज भित्रका आर्थिक गतिविधिको प्रतिफल स्थानीयहरूकहाँ नपुग्नु, आदिले निकुञ्ज र जनताबीच विवाद उत्पन्न गरेको छ।

पोखेल. २०५८. चितवनको प्रसंगमा प्राकृतिक स्रोत उपयोग र समस्याहरू. *सिर्जना* १०: ८-१२.

शाही चितवन राष्ट्रिय निकुञ्जसँग जोडिएका मेघौली र दिब्यनगर गाउँ निकुञ्जका कारण उब्जिएका समस्याहरूको सामना गरिरहेका छन्। त्यसबाहेक प्राकृतिक प्रकोपजन्यलगायत अन्य समस्याहरूले पनि स्थानीय जनताहरूलाई पिरोलिरहेको छ। यी समस्याहरू उब्जिनुका पछाडिका मुख्य कारणहरू हुन्:

- नदी कटान रोक्न सरकार र निकुञ्जले आवश्यक ध्यान नदिनु।
- सामूहिक वनको स्वामित्व जनतामा हस्तान्तरण नगर्नु।
- निकुञ्जक्षेत्रमा बग्ने नदीको सिमांकन नगर्नु एवं जनताको स्वामित्वको जग्गा निकुञ्जमा पार्नु।
- जङ्गली जनावरहरूले बालीनाली नष्ट पार्नु।
- प्राकृतिक स्रोतहरूको सहज उपयोगबाट जनतालाई विमुख पार्नु।
- केही आदिवासीमा निकुञ्जप्रतिको नकारात्मक भावना बढ्नु र चोरी,-तस्करीमा संलग्नता देखिनु।
- आदिवासीका सामाजिक, आर्थिक, साँस्कृतिक, मानव जीवन र संरचनामा नै गम्भीर असर पर्नु र विस्थापित हुने स्थिति बढ्नु।

बस्याल, राकेश. २०५७. धान खेती गर्ने पदमपुरवासी चामल किनेर खान्छन्. *जनमत,* २ कार्तिक, पृ २.

माथेमा, पुष्कर. २०५४. मुस्ताङ र मरुभूमिकरण: प्रकृति मात्र जिम्मेवार वा मानिस पनि ? *गोरखापत्र,* २० साउन.

सापकोटा, खेमनारायण. शाही चितवन राष्ट्रिय निकुञ्ज र आदिवासी. *सिर्जना* १०: ३९-४०.

शाही चितवन राष्ट्रिय निकुञ्जको क्षेत्रभित्र दुईथरी आदिवासीहरू बस्छन्। थारु, दराई, कुमालहरू कृषिमा निर्भर छन् भने बोटे, माझीहरू जङ्गल/खोलामा निर्भर छन्। शाही चितवन राष्ट्रिय निकुञ्जको पहिचान भन्नु एक सिंगे गैंडा मात्र नभएर निकुञ्ज वरपरका आदिवासीहरूको सँस्कृति पनि हो। संरक्षण कानुनले आदिवासीहरूलाई पिंजडाको सुगा बनाएको छ। उनीहरू निकुञ्ज भित्र रहेका आफ्ना धार्मिकस्थलमा खुला ओहरदोहर गर्न पाउँदैनन्, जडिबुटी सङ्कलन गर्न पाउदैनन्, घाँस दाउरा काट्न पाउँदैनन। परिणामत: पशुपालन ब्यवसाय घटेको छ; मासु, दुध, मलको परिमाणमा गिरावट आएको छ। प्राँगारिक, कम्पोस्ट मलको अभावमा अन्धाधुन्ध प्रयोग गरिएका रासायनिक मलले माटोको उर्वराशक्ति, मानिसहरूको जीवन र जैविक विविधतामा समेत नकारात्मक असर परेको छ।



सुवेदी, पुष्पराज. २०५८. प्राकृतिक स्रोतको उपयोगको सन्दर्भमा चितवन. *सिर्जना* १०: २५-२७.

प्राकृतिक सम्पदा संरक्षणको नाउँमा निर्दोष स्थानीय जनतामाथि शक्तिमा रहेका व्यक्तिहरूबाट समय समयमा अन्यायपूर्ण कार्य भैआएका छन्। २०२० सालमा गैंडा आवास क्षेत्र संरक्षणका लागि शैलेन्द्र कुमार उपाध्यायको अध्यक्षतामा गठित आयोगअन्तर्गत्का मेजरले हात्ती लगाइ क्रुरतापूर्वक स्थानीय बासिन्दाको घर भत्काउने, पिट्ने, विरोधमा उत्रेकालाई थुन्ने जस्ता कार्य गरेका थिए।

सुकुम्वासी समस्या समाधान आयोगको तत्कालिन अध्यक्ष शैलजा आचार्यले गैंडाको उद्‌गमस्थलको रुपमा चिनिएको बरभण्डार जङ्गल फाँडेर बस्ती बसाउने निर्णयले वातावरणमा नकारात्क असर पुऱ्यायो। बरभण्डार जङ्गलमा त्यसपछि भएका क्रियाकलापहरू जस्तै: बालुवा निकाल्ने, सडक बनाउने, वन सीमा नजिक स्थापना गर्न दिइएको चिम्नीका सयकडौं मजदुरले जङ्गलफडानी गरी बस्ने जस्ता कार्यको मूल्य स्थानीय जनताले प्रत्यक्ष, अप्रत्यक्ष चुकाउनु परेको छ।

बासस्थान नष्ट भएकाले गैंडाले स्थानीय बासिन्दाका खेतीपाती नष्ट गर्न थाल्यो र गैंडाकै कारण ५० प्रतिशत सीमावर्ती किसानहरूले दु:ख भोग्नु परेको छ। नेपालका निकुञ्जमध्ये सबैभन्दा बढी आर्जन गर्ने (अघिल्लो वर्ष अनुमानित ३०-४० करोड; सम्पूर्ण निकुञ्जको ७३ प्रतिशत) निकुञ्ज भए पनि स्थानीयबासीले क्षतिपूर्ति पाउन सकेका छैनन्। जसले गर्दा कतिपयमा आफ्नो र सन्तानको ज्यान बचाउन गैंडालाई मार्नु पर्छ भन्ने धारणा पनि विकसित भएको छ।

## वातावरणीय कानून तथा अधिकार

अधिकारी, रत्नाकर. २०५६. बौद्धिक सम्पत्ति अधिकार र जैविक विविधता. *जैविक विविधता संरक्षण: स्रोत सङ्गालो.* लेखनाथ बेलवासे र नारायण बेलवासे, सं., पृ १०७-१२८. काठमाडौं: जनहित संरक्षण मञ्च (प्रो पब्लिक).

जैविक विविधतासम्बन्धी अन्तर्राष्ट्रिय महासन्धीहरूको यस लेखमा विवेचना गरिएको छ । मुख्यतः सन् १९९२ मा रियोमा भएको जैविक विवधतासम्बन्धी महासन्धी र सन् १९९४ को ग्याट महासन्धीमा भएका विभिन्न व्यवस्थाहरूको विवेचना गरिएको छ । लेखमा जैविक विविधता महासन्धी र ट्रिप्सबीच विद्यमान विरोधाभासलाई उजागर गरिएको छ । त्यसबाहेक, जैविक खोज, जैविक चोरी, जैविक प्रविधि, जैविक सुरक्षा एवं बौद्धिक सम्पत्ति अधिकारहरूका बारेमा तथा यिनको राष्ट्रिय तथा क्षेत्रीय परिवेशमा महत्वका बारेमा पनि लेखमा केलाइएको छ । जैविक विविधता संरक्षणको स्थानीय जनताको हकमा अधिकतम उपयोगका लागि आवश्यक पर्ने नीतिगत एवं कार्यगत सुझावहरू र ट्रिप्स सम्झौताको पुनरावलोकन गर्नुपर्ने धाराको लेखमा चर्चा गरिएको छ ।

उपाध्याय, केदारनाथ. २०५५. अन्तरवंशीय समन्याय, पूर्व सावधानीको सिद्धान्त र प्रदूषकको देय सिद्धान्तको प्रयोगमा न्यायपालिकाको भूमिका. *वातावरणीय कानुन तथा न्याय: कार्यपत्रहरूको सङ्गालो.* नारायण बेलवासे र चिरञ्जिवी भट्टराई, सं., पृ १३६-१४६. काठमाडौं: आई.यू.सी.एन.

नेपाल तथा अन्य देशमा अन्तरवंशीय समन्याय (Intergenerational Equity), पूर्व-सावधानीको सिद्धान्त (Precautionary Principle) र प्रदूषकको देय (Polluters Pay) सिद्धान्तको प्रयोगबारे यो लेखमा चर्चा गरिएको छ ।

उपाध्याय, केशवप्रसाद. २०५५. नेपालमा वातावरणसम्बन्धी न्यायिक सक्रियता. *वातावरणीय कानुन तथा न्याय: कार्यपत्रहरूको सङ्गालो.* नारायण बेलवासे र चिरञ्जिवी भट्टराई, सं., पृ ६२-६७. काठमाडौं: आई.यू.सी.एन.

नेपालमा वातावरणसम्बन्धी हकदैयाको व्यवस्था, वातावरण संरक्षणसम्बन्धी कानूनको विकास र सर्वोच्च अदालतले निर्वाह गरेको भूमिकाको चर्चा यो लेखमा गरिएको छ । नेपाल अधिराज्यको संविधान २०४७ बाट शुरु भएको वातावरणसम्बन्धी कानुनी जगलाई वातावरण संरक्षण ऐन २०५३ र वातावरण संरक्षण नियमावली २०५४ ले मजबुत तुल्याएको छ । त्यसो त २०३३ सालमा काठमाडौं उपत्यका नगर विकास योजना तयार गर्दा पनि वातावरण क्षेत्रलाई ध्यान दिइएको हो ।

साधारणतया वातावरणसम्बन्धी विषय सार्वजनिक हकहित र सरोकारका विषय बन्न पुग्दछन् जस्को निरुपण संविधानको



धारा ८८ (२) अन्तर्गत हुन्छ । धारा २३ र ६४ ले संसदमा वातावरण समितिको व्यवस्था गरेको छ । २०४७ को संवैधानिक व्यवस्थाअनुसार सर्वोच्च अदालतले लिएका वातावरणीय सक्रियताको बारेमा पनि छलफल गरिएको छ, यो लेखमा ।

उपाध्याय, केशवप्रसाद. २०५५. वातावरणसम्बन्धी मौलिक अधिकार र यसको संरक्षणमा अदालतको भूमिका. *वातावरणीय कानुन तथा न्याय: कार्यपत्रहरूको सङ्गालो.* नारायण बेलवासे र चिरञ्जिवी भट्टराई, सं., पृ ९३-१०६. काठमाडौं: आई.यू.सी.एन.

नेपाल अधिराज्यको संविधान २०४७ मा व्यवस्था भएको मौलिक हक र यो स्थापना गर्न भएका व्यवस्थाहरू, नेपालका वातावरणसम्बन्धी नीति तथा कानूनहरू र संवैधानिक उपचारको हक र न्यायिक सक्रियताको यो लेखमा विवेचना गरिएको छ । संविधानको भाग ३ मा मौलिक हकको व्यवस्था गरिएको छ । धारा ११, १२ (१), १२ (ङ) र २६ (४) को प्रयोगबाट वातावरणीय हक संरक्षण गर्न सकिन्छ । धारा ११(१) र १२ ले समाहित गरेको 'जीवन सुरक्षा' को अधिकार अन्तर्गत वातावरणीय प्रदूषण पनि पर्ने भएकोले यो मानव अधिकार हुन आउँछ । धारा ८८ को व्यवस्थाबाट भाग ३ द्वारा प्रदत्त अधिकार संरक्षणका लागि अदालतलाई कानुनी प्रकृया चलाउने हक प्राप्त भएकाले वातावरणसम्बन्धी उपचार यो धाराको प्रयोगबाट गर्न सकिन्छ ।

चौधरी, रामप्रसाद र नारायण बेलवासे. २०५६. आदिवासी र जनजाति समुदायका अधिकार र परम्परागत अभ्यासको जगेर्ना. *जैविक विविधता संरक्षण स्रोत सङ्गालो.* लेखनाथ बेलवासे र नारायण बेलवासे, सं., पृ १३१-१५१. काठमाडौं: जनहित संरक्षण मञ्च (प्रो पब्लिक).

नेपाल साथै अफ्रिका, मध्य एसिया, दक्षिण एसियाका आदिवासी जनताको संक्षिप्त परिचय एवं इतिहास र उनीहरूको जैविक विविधतासँगको आवद्धता ब्याख्या गरिएको छ यो लेखमा । जैविक विविधता संरक्षणका लागि आदिवासीहरूको परम्परागत र पुर्ख्यौली प्रयासलाई समेट्दै जैविक विविधताबाट प्राप्त फाइदाहरू स्थानीय समुदायहरूमा गएको कुरामा शंका व्यक्त गरिएको छ । आदिवासी, जनजाति समुदायको बौद्धिक सम्पत्ति अधिकार संरक्षण र उनीहरूलाई आफ्नो स्रोतको वास्तविक रक्षक बनाउन सशक्तिकरण गर्नुपर्ने लेखिएको छ ।

ढुङ्गेल, सूर्य. २०५५. वातावरण संरक्षण ऐन तथा नियमावली: कार्यन्वयन पक्ष र चुनौतीहरू. *वातावरणीय कानुन तथा न्याय: कार्यपत्रहरूको सङ्गालो.* नारायण बेलवासे र चिरञ्जिवी भट्टराई, सं., पृ ५३-६१. काठमाडौं: आई.यू.सी.एन.

वातावरण संरक्षण ऐन २०५३ तथा नियमावली २०५४ का सकारात्मक तथा नकारात्मक पक्षलाई यो लेखमा केलाईएको छ। वातावरणीय प्रभाव मूल्याङ्कनको व्यवस्था यस ऐनको राम्रो पक्ष हो। ऐनको दफा ३ देखि ६ सम्म वातावरणीय प्रभाव मूल्याङ्कनसम्बन्धी व्यवस्था गरिएको छ, जसअनुरुप कुनै विकास योजना लागू गर्नुअगाडि यो अध्ययन गर्नु आवश्यक छ। सार्वजानिक जनसहभागिता (दफा ६(४ र २)) को व्यवस्थाले वातावरणीय प्रभाव अध्ययन हुँदा सर्वसाधारणलाई बोल्ने मौका दिन्छ। प्रदूषण रोकथाम तथा नियन्त्रणप्रति प्रतिवद्ध बनाउनु तथा दफा ६(५) अनुसारको विशेषज्ञ समितिको व्यवस्था गर्नु सकारात्मक पक्ष हुन्। त्यस्तै, मापदण्ड तोक्ने व्यवस्था, प्रदूषणयुक्त वस्तु तथा संयन्त्रको बन्देज, वातावरण संरक्षण कोषको व्यवस्था, राष्ट्रिय सम्पदा र वातावरण संरक्षणसम्बन्धी विशेष व्यवस्था, क्षतिपूर्तिको व्यवस्था, प्रोत्साहनको व्यवस्था ऐन/ नियमावलीका सकारात्मक पक्ष हुन्।

सरकारलाई नै वातावरण संरक्षण गर्ने पूर्ण अधिकार र जिम्मेवारी कुनै बाध्यात्मक व्यवस्था बिना दिनु यो ऐनको कमजोरी मानिएको छ। स्वविवेकीय अधिकारको प्रचुरता, प्रदूषण रोकथाम र नियन्त्रणसम्बन्धी अपर्याप्त व्यवस्था, कमजोर वातावरण संरक्षण परिषद, प्रस्ताव स्वीकृतिको जटिल प्रकृया, सार्वजानिक सुनुवाईको गलत व्यवस्था, बन्द न्यायिक बाटो आदि पनि ऐनका कमजोरी हुन्। साथै, संस्थागत अस्पष्टता, प्राविधिक विषयवस्तुको प्रचुरता, लामो प्रकृया, प्राविधिकको खाँचो, सरकारी इच्छामा निर्भर तथा क्षतिपूर्ति, सजाय र सार्वजनिक सुनुवाईमा मौनता आदि पनि ऐनका कमजोर पक्ष हुन्।

न्यौपाने, अन्जान. २०५८. वातावरणीय संरक्षणमा नीतिगत र कानुनी प्रयास. *स्पेसटाइम,* २६ जेठ.

वनजङ्गल राष्ट्रियकरण ऐन २०३१ देखि वातावरण संरक्षण ऐन २०५३ सम्मका विभिन्न ऐनहरूको सूची यो लेखमा दिइएको छ। त्यस्तै, नेपाल अधिराज्यको संविधान २०४७ मा राज्यका नीति अन्तर्गत वातावरण संरक्षणसम्बन्धी भएको उल्लेख र पञ्चवर्षीय योजनाहरूमा वातावरण तथा प्राकृतिक स्रोत संरक्षणलाई दिइएको महत्वको विवेचना गरिएको छ।



बेलवासे नारायण. २०५५. नेपालमा वातावरणीय कानुनको विकास: चुनौती र सम्भावनाहरू. *वातावरणीय कानुन तथा न्याय: कार्यपत्रहरूको सङ्गालो.* नारायण बेलवासे र चिरञ्जिवी भट्टराई, सं., पृ १७-२५. काठमाडौं: आई.यू.सी.एन.

वातावरण कानुनको परिचय, परिभाषा र अष्ट्रेलिया र न्युजिलैण्डलगायतका देशमा भएका यस्ता कानुनहरूको विवेचना यो लेखमा गरिएको छ। वातावरण कानुनका आधारभूत तत्वहरूबारे तथा वातावरण कानुनको विकासमा कानुन व्यवसायी र न्यायपालिकाको भूमिकाको पनि यो लेखमा चर्चा गरिएको छ।

बेलवासे, नारायण. २०५६. जैविक विविधता संरक्षणसम्बन्धी नीति र कानुन. *जैविक विविधता संरक्षण: स्रोत सङ्गालो.* लेखनाथ बेलवासे र नारायण बेलवासे (सं). पृ ६१-८०. काठमाडौं: जनहित संरक्षण मञ्च (प्रो पब्लिक).

नेपाल पक्ष रहेका जैविक विविधता संरक्षणमा महत्व राख्ने विभिन्न महासन्धी र सम्झौताहरूको विवेचनाका साथै यससम्बन्धी नीति तर्जुमा गर्न राष्ट्रिय योजनाहरूमा विकास गरिएका कार्य नीतिबारे यो लेखमा प्रकाश पारिएको छ। जैविक विविधता वितरणकालागि देखा परेका मूलभूत समस्याहरू र समाधानका उपायहरूको पनि बुँदागत छलफल गरिएको छ।

भट्टराई, चिरञ्जिवी. २०५६. जैविक विविधता संरक्षणको लागि सार्वजनिक हकहित र सरोकारका मुद्दाहरू. *जैविक विविधता संरक्षण: स्रोत सङ्गालो.* लेखनाथ बेलवासे र नारायण बेलवासे, सं., पृ १७९-१९८. काठमाडौं: जनहित संरक्षण मञ्च (प्रो पब्लिक).

यो लेखमा सार्वजनिक हक र सरोकारको अवधारणा, परिभाषा र यससम्बन्धी मुद्दाहरूबारे राष्ट्रिय अन्तर्राष्ट्रिय सन्दर्भको संक्षिप्त इतिहास प्रस्तुत गरिएको छ। सार्वजनिक सरोकार र हकहितको मुद्दामा देखापरेका मूलभूत समस्याहरू, कानुनी जटिलता, अपनाउनु पर्ने भावी कार्यनीति र सुझावहरू पनि लेखमा दिइएको छ।

माथेमा, पुष्कर. २०५६. मानवाधिकारको सेरोफेरोमा ओझेलमा परेको स्वच्छ वातावरणप्रतिको अधिकार. *गोरखापत्र,* २७ मंसीर.

कतिपय अन्य अधिकार जस्तै स्वच्छ वातावरणसम्बन्धी अधिकारलाई पनि नेपालमा कागजमा मात्र सिमित गरिएको छ। संविधान तथा ऐनले वातावरणीय स्वच्छतासम्बन्धी अधिकारको व्यवस्था गरेको भए पनि अशिक्षाको अँध्यारोमा रुमल्लिन बाध्य

दुई तिहाई नेपालीका लागि यी व्यवस्था कागजका फूल सरह छन् । स्वच्छ जीवन बाँच्न राज्यको तर्फबाट हुनुपर्ने भौतिक पूर्वाधारको व्यवस्थाबाट बहुसङ्ख्यक वञ्चित छन् भने केही मात्रामा सुविधा उपभोग गर्न पाउनेहरूले पनि सेवाको स्तरीयतालाई अनुभव गर्न पाएका छैनन् । विकासका नाममा वातावरणीय प्रभाव आँकलन नगरी सञ्चालन गरिएका आयोजनाबाट वातावरणमा गंभीर असर परिरहेको छ । वातावरण प्रतिकूल गतिविधिविरुद्ध सुरक्षाका लागि कानुनी प्रावधानहरू भए पनि पर्याप्त सचेतनाको अभावले प्रभावकारी हुन सकेको छैन ।

शर्मा, प्रकाशमणि, भोजराज ऐर, लालबहादुर थापा र विष्णुप्रसाद पोखेल, सं. २०५७. *वातावरणसम्बन्धी मुद्दाहरूको सङ्गालो.* काठमाडौं: जनहित संरक्षण मञ्च (प्रो पब्लिक).

सर्वोच्च अदालत तथा अन्य न्यायिक निकायहरूबाट प्रकृति र वातावरणसम्बन्धी ३४ वटा मुद्दाहरूमा भएको न्यायिक उपचारको फैसला सहितको विवरण यो पुस्तकमा दिइएको छ । पुस्तकमा उल्लिखित धेरै मुद्दामा दिइएका निर्णयहरू दूरगामी महत्वका छन् । "वनजङ्गलको संरक्षण सम्बन्धमा" २०१० सालमा सिंगबीर बुढाविरुद्ध मनबीर बुढाको जग्गा मुद्दा, "भूगोलपार्कको अतिक्रमणविरुद्ध" २०२५ सालको बृ.ज. चन्द्र बहादुर थापा विरुद्ध काठमाडौं नगर पञ्चायतसमेतको मुद्दा, गोदावरी क्षेत्रको "जैविक विविधता संरक्षण" गर्ने सम्बन्धमा २०५२ सालको गोदावरी मार्वल इन्डष्ट्रीविरुद्ध सूर्य प्रसाद शर्मा ढुंगेलसमेतको मुद्दा, जैविक विविधताले भरिपूर्ण चितवन देवघाट क्षेत्रको "वन जङ्गलको संरक्षण" गर्ने सम्बन्धमा प्रधानमन्त्रीसमेत विरुद्धको २०५३ सालको योगी नरहरीनाथसमेतको मुद्दा, नवलपरासीको श्री डिष्टिलरीले गरेको "प्रदूषण विरुद्ध" राजीव पराजुली समेतको मुद्दा, वाग्मती नदी किनारका ऐतिहासिक, साँस्कृतिक एवं पुरातात्विक महत्वका "साँस्कृतिक सम्पदा र वाग्मती नदीको संरक्षण गर्न" २०५६ सालको अधिवक्ता प्रकाशमणि शर्मासमेतको मन्त्रीपरिषद् सचिवालयसमेतको विरुद्धको मुद्दामा सर्वोच्च अदालतले दिएका निर्णयहरू दूरगामी महत्वका छन् । सर्वोच्च अदालतबाट उल्लिखित मुद्दामा महत्वपूर्ण र उपयुक्त आदेश जारी भएकाले सार्वजनिक महत्वका विषयमा न्यायपालिकाको संवेदनशिलतालाई प्रष्ट्याएको छ ।

श्री ५ को सरकार. सन् १९९३. *वन ऐन* २०५२ र *वन नियमावलीहरू.* काठमाडौं: श्री ५ को सरकार न्याय तथा कानुन मन्त्रालय.



श्री ५ को सरकार. २०४३. *नेपाल नियम संग्रह ५(ख).* काठमाडौं: श्री ५ को सरकार, कानुन किताव व्यवस्था समिति.

श्रेष्ठ, कल्याण. २०५५. स्वस्थ वातावरणसम्बन्धी मौलिक अधिकार तथा वातावरणीय न्याय. *वातावरणीय कानून तथा न्याय: कार्यपत्रहरूको सङ्गालो.* नारायण बेलवासे र चिरञ्जिवी भट्टराई, सं., पृ ३९-५२. काठमाडौं: आई.यू.सी.एन.

वातावरणीय हकसम्बन्धी ब्याख्या तथा नेपाल राज्यको निर्देशक सिद्धान्त एवं नीतिहरूमा वातावरण सम्बन्धी व्यवस्थाको यो कार्यपत्रमा चर्चा गरिएको छ । अन्यत्र देशमा भएका वातावरणीय हकसम्बन्धी व्यवस्थाको पनि लेखमा उल्लेख गरिएको छ । वातावरणीय न्यायसम्बन्धी सैद्धान्तिक तथा व्यवहारिक पक्षको बयान गर्नुका साथै नेपालमा वातावरणीय न्यायसम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्थाको ब्याख्या गरिएको छ ।

नेपालको संविधानको धारा ११(१), १२, २६ को उपधारा ३ र ४, ८८ को प्रयोग गरी वातावरणीय न्याय प्रदान गर्न सकिन्छ । धारा २४(१) ले अदालतले नीति एवं सिद्धान्तलाई लागू गर्न नसकिने व्यवस्था गरे पनि धारा २६ को उपधारा ३ र ४ ले सरकारलाई निर्देशन दिन सक्ने अधिकार अदालतलाई दिएकोले अदालतले वातावरणीय न्याय प्रदान गर्न सवल भूमिका खेल्न सक्छ । लेखमा वातावरणीय न्यायको मुख्य सिद्धान्त नै वातावरणको फाइदा तथा हानी समानुपातिक हिसाबबाट समाजमा वितरित हुनु हो भनिएको छ ।

सिटौला, मोहनप्रकाश. २०५५. वातावरण समस्या र संरक्षण तथा वातावरण संरक्षण ऐन २०५३ र नियमावली २०५४: कार्यान्वयन पक्षका प्रमुख समस्याहरू. *वातावरणीय कानुन तथा न्याय: कार्यपत्रहरूको सङ्गालो.* नारायण बेलवासे र चिरञ्जिवी भट्टराई, सं., पृ ११०-१३५. काठमाडौं: आई.यू.सी.एन.

वातावरणीय समस्याको परिचय, समस्या समाधानका लागि नेपाल एवं अन्तराष्ट्रमा गरिएका प्रयासहरू, र वातावरण संरक्षण ऐन २०५३ र नियमावली २०५४ को विशेषता तथा कमजोर पक्षहरू यो लेखमा केलाईएको छ । लेखमा नेपालको वातावरण विचलन हुनुमा उत्तरदायीत्वपूर्ण भूमिकाको अभाव, अन्तर्राष्ट्रिय प्रतिवद्धतामा बेवास्ता, वातावरण कानुनको विकासमा अवरोध, अशिक्षा, अन्ध विश्वास, जनसङ्ख्या वृद्धि, बेरोजगारी र राजनीतिक प्रतिवद्धताको कमी, आदिलाई जिम्मेवार ठहऱ्याइएको छ ।